श्रीमान् नगर प्रमुखज्यू,
सूर्योदय नगरपालिका, फिक्कल, इलाम।

**विषय: विधेयक प्रमाणीकरणका लागि पेस गरिएको सम्बन्धमा।**

यस सूर्योदय नगरपालिका, नगर सभाको उन्नाइसौँ अधिवेशन (पाँचौं बैठकबाट) मिति २०८३।०६।०१ गते स्वीकृत भइ पारित भएको देहाय बमोजिमको विधेयक प्रमाणीकरणका लागि पेस गर्दछु।
विधेयकको विवरण:

१. विधेयकको नाम: सूर्योदय नगरपालिकाको संघ संस्था (पहिलो संशोधन) ऐन, २०८३
   विधेयकमा भएका दफा संख्या: ३
   विधेयकमा भएका अनुसूची संख्या : -
२. सभाबाट पारित भएको मिति: २०८३।०६।०१ गते

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा सूर्योदय नगरपालिकाको विधेयक प्रमाणीकरण सम्बन्धी कार्यविधि, २०७४ बमोजिम सभाबाट पारित भएको उक्त विधेयकको तीन प्रति सक्कल प्रति यसै साथ संलग्न राखी प्रमाणीकरणका लागि पेस गरेको छु।

नाम: विज्ञान कोइराला
पद: प्रमुख प्रशासकीय अधिकृत
हस्ताक्षर:
कार्यालयको छाप:
मिति: २०८३।०६।०२

# सूर्योदय नगरपालिकाको सङ्घ संस्था (पहिलो संशोधन) ऐन, २०८३

सभामा पेस गर्न का.पा बाट स्वीकृत मिति २०८३-०३-१०
सभामा पेस भएको मिति २०८३-०३-२६
सभाबाट स्वीकृत भएको मिति २०८३-०६-०१

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको सङ्घ संस्था ऐन, २०८० मा भएका केही व्यवस्थाहरू समय सापेक्ष संशोधन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगर सभाले यो ऐन बनाइ लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम **"सूर्योदय नगरपालिकाको सङ्घ संस्था (पहिलो संशोधन) ऐन, २०८३"** रहेको छ।

(२) यो ऐन नगर सभाबाट पारित भई प्रमाणित भएपश्चात् तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

**(क) "मूल ऐन"** भन्नाले सूर्योदय नगरपालिकाको संघ संस्था ऐन, २०८० लाई सम्झनु पर्दछ।

३. **दफा १५ मा संशोधन:** मूल ऐनको **दफा १५** को उपदफा (३) पछि देहायबमोजिम थप गरिएको छः

*"तर, सूर्योदय नगरपालिकामा दर्ता भई दफा १५ (१) (ङ) बमोजिम खारेजीमा परेका संस्थाहरुलाई नगरपालिकाले एक पटकका लागि सूचना प्रकाशन गरी सूचना प्रकाशन भएको मितिले बढीमा ६ महिना भित्र नवीकरण गर्दा लाग्ने वार्षिक शुल्कमा थप ३०% जरिबाना लिई लिई नवीकरण गराउन सक्नेछ। यसरी नवीकरण गर्दा बक्यौता समेत असुली गरिनेछ।"*